## मिति २०८०।०५।०५ गते बिहान ८ बजे बस्ने कार्यपालिका बैठकका प्रस्तावहरु

(१) सर्वोच्च अदालतमा परेको रिट उपर नगरपालिकाको तर्फवाट गर्नुपर्ने कामको सम्बन्धमा अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(२) गो.न.पा.वडा नं. ११ को पशु विकास कार्यालयको जग्गा वडा कार्यालयको नाउमा लैजाने सम्बन्धमा ।

(३) गो.न.पा.वडा नं १० मा रहेको सार्वजनिक जग्गा सशत्र प्रहरी वलले स्थापना गर्ने विद्यालयलाई प्रदान गर्ने सम्बन्धमा ।

(४) दश जोड दुई कक्षा संचालन नियमित सत्रमा मात्र गर्नु पर्ने सम्बन्धमा ।

(५) बहुउद्देश्यिय भवन र तरकारी वजारको सटर भाडामा लगाउने सम्बन्धमा ।

(६) मालपोत दर १० प्रतिशदले बृद्धि गर्ने सम्बन्धमा ।

(७) योजनाको सफ्ट्वेयर संचालन गर्ने सम्बन्धमा ।

(८) वार्षिक कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

(९) खानेपानी वोर्ड गठन सम्बन्धमा ।

(१०) क्षयरोग मुक्त नगरपालिका बनाउने कार्यक्रम सम्बन्धमा ।

(११) विविध

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

निर्णयहरु :

निर्णय नं. १ :

प्रस्ताव नं १ माथि छलफल गर्दा रिट निवेदक विनोद पाण्डे र विपक्षी गोरखा नगरपालिकाको कार्यालय समेत विपक्षी भएको उत्प्रेषण परमादेश रीट आदेश (रीट नं.०७९ WO-१४४०) बमोजिम गोरखा नगरपालिकाको तर्फवाट सम्पूर्ण काम काज गर्न यस नगरपालिकाका नगर प्रमुख श्री कृष्ण वहादुर राना मगरलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :

प्रस्ताव नं २ माथि छलफल गर्दा गो.न.पा.वडा नं ११ मा RCUP ले निर्माण गरेका पशु सेवा कार्यालय रहेको रहेको कि.नं. ३४ ,४९ र ६४८ को जग्गा यस नगरपालिकाको नाममा ल्याउन आवश्यक प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं. ३ :

प्रस्ताव नं ३ माथि छलफल गर्दा सशस्त्र प्रहरी वल, नेपाल नं २९ गुल्म हे क्वा गोरखाको च.नं ७४८ मिति २०८०।३।१२ को पत्र अनुसार गो.न.पा.वडा नं. १० छेवेटारमा गण्डकी प्रदेश स्तरीय विद्यालय स्थापना गर्नका लागि जग्गा माग भइ आएकोले सो वडामा रहेकों कित्ता न १४६९ को सार्वजनिक जग्गावाट आवस्यक जग्गा उपलब्ध गराउन आम भेला बसी भेलाको निर्णय अनुसार सिफारिस गरिएको भनी १० नं वडा कार्यालयवाट लेखी आएको सम्वन्धमा प्राविधिकवाट स्थलगत निरीक्षण गरी पेश भएको प्रतिवेदनको आधारमा सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७ बमोजिम सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिका भित्र रहेका दश जोड दुई कक्षा संचालन हुने सम्पूर्ण विद्यालयहरुले दश जोड दुई कक्षा नियमित सत्रमा मात्र संचालन गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

प्रस्ताव नं ५ माथि छलफल गर्दा गोरखा नगरपालिकाको पुरानो बसपार्क वि.पि.चोक स्थीत बहुउदेश्यीय भवन भाडामा लगाउने सम्बन्धमा नगरसभाको निर्णय बमोजिम दररेट कायम गरी दुइ पटक सूचना प्रकाशन गर्दा समेत कुनै पनि दरभाउ पत्र पेश हुन नआएकोले उक्त दररेटमा भाडादर घटाइ भाडा लगाउन राजश्व परामर्श समितीबाट सिफारिस भइ आएकोले मासिक भाडा १,५०,०००। रु.१ लाख ५० हजार कायमा गरी भाडामा लगाउन पुन सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

प्रस्ताव नं ६ माथि छलफल गर्दा नगरपालिका भित्रका सम्पूर्ण जग्गाहरुको आ.व.०७९।०८० मा निर्धारण गरिएको मालपोत मूल्यांकनमा आ.व.०८०।०८१ को लागि दश प्रतिशद बृद्धि गर्न नगर प्रमुखवाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ७ :**

प्रस्ताव नं ७ माथि छलफल गर्दा मिति २०८०।०३।३१ गते सम्पन्न बाहौं नगरसभामा योजनाको सफ्ट्वयरका लागि रु ७ लाख ५० हजार विनियोजन भएकोमा यस आ.व.०८०/८१ देखि योजना तथा कार्यक्रम सम्बन्धी कार्य सफ्टवयरवाट गर्ने र डिजिटल हस्ताक्षर गरी सफ्टवयर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व.०८०।०८१ को शाखागत रुपमा तयार गरि एकिकृत गरिएको वार्षिक कार्य योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

प्रस्ताव नं ९ माथि छलफल गर्दा खानेपानी वोर्ड गठनमा रहने सदस्यहरुको सम्बन्धमा थप छलफल गरी आगामी कार्यपालिका बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

प्रस्ताव नं १० माथि छलफल गर्दा यस गोरखा नगरपालिकालाई क्षयरोग मुक्त नगरपालिका वनाउने सर्न्धरभमा सो सम्बन्धि विभिन्न संघ संस्थाहरुले संचालनमा ल्याउने कार्यक्रमहरु स्वीकार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

प्रस्ताव नं ११ माथि छलफल गर्दा गोरखा नगरपालिका क्षेत्र भित्रका सडकहरुको चौडाई कायम गर्ने सम्बन्धमा नगरपालिवाट स्वीकृत सडक मापदण्ड अनुसार तपसिल बमोजिम हुने गरी आवसीय वा व्यवसायिक क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

**तपसिल :**

| सि.नं. | नागर सभावाट स्वीकृत सडकको चौडाई | सडकको दाया/वायाँ निर्धारण गरिएको आवासिय वा व्यवसायिक क्षेत्र |
|---|---|---|
| ०१ | २५ मीटर कायम भएको सडक | २०० मीटर |
| ०२ | १५ मीटर कायम भएको सडक | १७५ मीटर |
| ०३ | ८ मीटर कायम भएको सडक | १५० मीटर |
| ०४ | ६ मीटर कायम भएको सडक | १२५ मीटर |
| ०५ | ०४ मीटर कायम भएको सडक | १०० मीटर |
| ०६ | गोरेटो वाटो र सिंडी वाटो | १०० मिटर |

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. १२ :**

प्रस्ताव नं ११ माथि छलफल गर्दा गोरखा नगरपालिकाको आ.व.०७९।०८० सालको बार्षिक समिक्षा बैठक यहि मिति २०८० साल भाद्र १० गते बिहान ११:०० बजे नगरसभा हलमा वस्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

प्रस्ताव नं ११ माथि छलफल गर्दा यहि मिति २०८० साल भाद्र १४ गते पर्न आएको गाई जात्राको अवसरमा नगरपालिका क्षेत्र भित्र सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

प्रस्ताव नं ११ माथि छलफल गर्दा गोरखा नगरपालिका क्षेत्र भित्र नेपाली सेनाको नेतृत्वमा हुने सम्पूर्ण कार्यक्रम संचालन खर्च स्वरुप रु १५ लाख बजेट विनियोजन गरेकोमा रिपूमर्दल गण गोरखा संग प्रस्ताव माग गरी रकम प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

प्रस्ताव नं ११ माथि छलफल गर्दा आ.व.०८०।०८१ को वाहौ नगरसभावाट वडा कार्यालयलाई वढीमा रु ३ लाख सम्म वडा कार्यालय व्यवस्थापन शिर्षकमा छुट्याईएको रकम तपसिल वमोजिम खर्च गर्ने गरी वडा समितिको वैठकवाट निर्णय गराई वडा सचिवले माग गर्ने र वडा संचालनवाट वढी भएको रकम पुजीगत योजना तथा अन्य कार्यक्रमहरुमा निर्णय गराई खर्च गर्न पाउने गरी निर्णय गरियो ।

**तपसिल :**

| सि.नं. | खर्च शिर्षक | मासिक | जम्मा | कैफियत |
|---|---|---|---|---|
| ०१ | वडा बैठक खाजा | ५०००। | ६००००। | |
| ०२ | विद्युत्त , टेलिफोन तथा पानी महसुल | ३०००। | ३६०००। | |
| ०३ | वडा सचिव ईन्धन तथा संचार महसुल | ४०००। | ४८०००। | |
| ०४ | कम्प्यूटर ,प्रिन्टर,वडा सचिव तथा वडा अध्यक्षको सरकारी मोटरसाईकल मर्मत,फर्निचर लगाएतका वडा कार्यलयका अन्य सर सामाग्रीको मर्मत गर्ने कार्य । | ६०००। | ७२०००। | |
| ०५ | अत्यावश्यक सानातिना सर सफाई समाग्री जस्तै कुचो,झाडु,फिनेल,वल्व,कार्यालय छाप ईत्यादी | १०००। | १२०००। | |
| ०६ | वडामा आउने अतिथिलाई चियापान तथा अतिथि चिया नास्ता खर्च वडा अध्यक्ष मार्फत खर्च गर्ने गरी | ६०००। | ७२०००। | |

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. १६ :

प्रस्ताव नं ११ माथि छलफल गर्दा ओसन क्लव गो.न.पा. वडा नं. ९ लाई गोरखा नगरपालिका स्तरीय अर्न्तर विद्यालय फूटसल प्रतियोगिता संचालनको लागि मेयर कप राष्ट्रिय अन्डर १३ अर्न्तर फूटसल लिग लगाएत अन्य खेलकूद शिर्षकमा बिनियोजित रकम रु २० लाख मध्येवाट रु ३ लाख दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल